## रतुवामाई नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सिजुवा, मोरङ, कोशी प्रदेश, नेपाल

### विज्ञापन कर तथा ठेक्का व्यवस्थापन सम्बन्धी

### शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मितिः२०८३।०४।१३

यस रतुवामाई नगरपालिकाको आ.व.२०८३/८४ को विज्ञापन कर असुलीको ठेक्का लगाउनु पर्ने भएकाले फर्म, कम्पनीहरुले फर्म नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र आ.व २०८१।०८२ को करचुक्ता प्रमाणपत्र, प्रोपाईटरको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा संस्थाहरुले रीतपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सात (७) दिने सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | विवरण | न्यूनतम ठेक्का अंक रु. | धरौटी रकम | फारम दस्तुर | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | रतुवामाई रा.०१/०८३। ०८४ | रतुवामाई नगरपालिका क्षेत्र भित्र विज्ञापन कर असुली | ९१,७४५।८३ | २३००.०० | १,०००.०० | २०८३।०४।१४ कार्यालय समय भित्र | २०८३।०४।१५ दिनको १२:०० बजे सम्म | २०८३।०४।१५ दिनको २:०० बजे सम्म |

१) दरभाऊपत्र फारम दस्तुर र प्राप्त हुने स्थानः शिलबन्दी दरभाउपत्र फारमको तोकिएको दस्तुर रु.१,०००/- (पछि फिर्ता नहुने गरी) बुझाई यस कार्यालयको राजश्व शाखाबाट खरिद गर्नु पर्नेछ।

दरभाऊपत्र खरिद गर्ने अन्तिम मिति र स्थानः सूचना प्रकाशन भएको मितिले ७ औ दिनको (मिति २०८३।०४।१९ गते)कार्यालय समय १७:०० बजे सम्म खरिद गर्न सकिनेछ।

२) दरभाऊपत्र पेश गर्ने अन्तिम मिति : सूचना प्रकाशन भएको मितिले ८ औं दिन (मिति २०८३।०४।२० गते) को ठीक १२:०० बजे भित्र शिलबन्दी दरभाऊपत्र नगरपालिकाको कार्यालयमा पेश गरी दर्ता गरिसक्नु पर्नेछ ।

३) दरभाऊपत्र खोल्ने मिति र समयः सूचना प्रकाशन भएको मितिले ८ औं दिन (मिति २०८३।०४।२० गते) ठीक २:०० बजे दरभाउपत्र दाता तथा अन्य प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ।

४) शिलबन्दी दरभाउ पत्र दाताले आफुले कबोल गरेको अंकको तिन(३%) प्रतिशत रकम यस कार्यालयको नाममा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.मा रहेको धरौटी खाता नं ग-३-१ ०९७०१४०००००३१ मा जम्मा गरेको सक्कलै भौचर शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ। वा सो रकम बराबरको ४५ दिनको मान्य अवधि भएको बैङ्क जमानत पेश गर्नुपर्नेछ ।

५) दरभाउपत्र फारममा अंक र अक्षर दुवैमा दरेरेट स्पष्ट लेख्नु पर्नेछ ।अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरमा भएको रकमलाई मान्यता दिइनेछ ।

६) दरभाउपत्र स्वीकृत भई सम्झौता गर्न आउने जानकारी पाएको ७ (सात) दिन भित्र सम्झौता गर्न नआएमा कानु अनुसार हुनेछ ।

७) ठेक्का रकम बुझाउँदा सम्झौता गर्दाका बखत ५० प्रतिशत रकम र कबोल अंकको १३ प्रतिशत मुल्य अभिवृद्धि कर (भ्याट) यस कार्यालयको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.मा रहेको विभाज्य खाता नं ग-६-१ ०९७०१४०००००८६ मा जम्मा गरेको सक्कलै भौचर सम्झौताका बखत नै पेश गर्नु पर्नेछ ।

८) सम्झौताका बखत कबोल रकम एकमुष्ट बुझाएमा भ्याट बाहेकको रकममा १० प्रतिशत छुट समेत दिइनेछ ।

९) दरभाउदाताले सम्पुर्ण रकम एकमुष्ट रुपमा नबुझाई किस्ता वन्दीको रुपमा बुझाउने भएमा ठेक्का सम्झौता हुदा बुझाएको रकम बाहेक कबोल गरेको अंकको बाँकी रकम नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. मा रहेको पालिकाको धरौटी खाता नं. ०९७०१४०००००३१ मा नगदै जम्मा गरेको सक्कलै भौचर वा उक्त रकम बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क

डम्मरु बल्लभ बराल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

वर्गको वाणिज्य बैंकले जारी गरेको २०८४ असार मसान्त सम्म मान्य अवधि भएको बैंक ग्यारेण्टी सम्झौताका बखत नै पेश गर्नु पर्नेछ ।

१०) ठेकेदारले तोकिएको अवधि भित्र नियमानुसार बुझाउनु पर्ने ठेक्काको सम्पूर्ण किस्ता रकम नबुझाएमा निजले पेश गरेको बैंक ग्यारेन्टीबाट बाँकी रकम असुल उपर गर्न सकिनेछ ।

११) उल्लेखित शर्त पूरा नगरेमा ठेक्का स्वीकृत भई सकेको भएता पनि ठेक्का बदर गर्न सकिनेछ र ठेक्का बदर गर्नु परेमा धरौटी रकम समेत जफत हुनेछ।

१२) आ.व २०८३।८४ का लागि ठेक्का परेको कुल अंक राजश्व गर्ने, आ.व आ.व २०८४।०८५ का लागि ठेक्का परेको अंकमा १० प्रतिशत थप गर्ने र आ.व २०८४।०८५ मा दोस्रो बर्षको रकममा १० प्रतिशत गरि राजश्व अशुल गरिनेछ ।

१३) ठेक्का सम्झौता भएपछि बन्द हडताल जस्ता कारणले कर छुट वा मिनाहाको लागी ठेकेदार पक्षबाट दाबी गर्न पाईने छैन ।

१४) नगरपालिकाले समय समयमा दिएको निर्देशन पालन गर्नु पर्नेछ । साथै ठेक्का सम्बन्धी कुनै विवाद भएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१५) करका दररेटहरु नगरपालिकाले तोके बमोजिम असुल उपर गर्नु पर्नेछ । अन्यथा बढी रकम असुल गरेको ठहर भएमा नियमानुसार कारवाही हुनेछ ।

१६) दरभाउ कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक सेवा शुल्क वापतको हुन आउने जम्मा रकमकव नियमानुसार थप १३ प्रतिशत मुल्य अभिबृद्धि कर समेत यस कार्यालयमा बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर दरभाउदाताले छुट्टै बुझाउनु पर्नेछ ।

१७) यस नगरपालिका अन्तर्गत विगतमा बुझाउनु पर्ने ठेक्का बक्यौता, पेश्की बेरुजु रहेको व्यक्ति वा परिवारको अन्य सदस्य ठेक्का सहभागी हुन पाउने छैन । तर दरभाउपत्र खरिद गर्नु अघि उल्लेखित रकम दाखिला गरेका ठेक्कामा सहभागी हुन बाधा पर्ने छैन।

१८) दरभाउपत्रसाथ पेश गर्नुपर्ने कागजातहरु:

क. व्यक्तिको हकमा लिखित निवेदन र नेपाली नागरिकताको प्रमाण पत्र,

ख. कम्पनी/फर्म वा संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरण सहित)

ग. स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि

घ. आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,

ङ. स्थानीय तहमा सूचीकृत भएको सोको प्रमाणपत्रको प्रतिलिपि,

च. अन्य आवश्यक कागजातहरु

१९) म्याद नाघी र रीत नपुगी प्राप्त भएका दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

२०) दरभाउपत्र खरिद गर्ने र दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोही समयमा गरिने छ।

२१) उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछ । साथै थप जानकारीको लागि यस नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

.....................................
डम्मरु बल्लभ बराल
प्रमुख प्रशासकीय अधिकृत

डम्मरु बल्लभ बराल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

रतुवामाई नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सिजुवा, मोरङ, कोशी प्रदेश, नेपाल

## विज्ञापन कर ठेक्का व्यवस्थापन सम्बन्धी
## शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति :२०८३।०४।१३

यस रतुवामाई नगरपालिकाको आ.व. २०८३/८४ को विज्ञापन कर असुलीको ठेक्का लगाउनु पर्ने भएकाले इच्छुक फर्म, कम्पनी वा संस्थाहरुले रीतपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सात (७) दिने सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | विवरण | न्युनतम कबोल अंक (भ्याट सहित) | धरौटी रकम | फारम दस्तुर | दरभाऊपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|
| १ | रतुवामाई रा.०१/०८३।०८४ | रतुवामाई नगरपालिका क्षेत्र भित्र विज्ञापन कर असुली | ९१७४५।८३ | २३००।०० | १००० | • दरभाऊपत्र खरिद गर्ने अन्तिम मिति र स्थानः २०८३।०४।१९ गते कार्यालय समय १७:०० बजे सम्म<br>• दरभाऊपत्र पेश गर्ने अन्तिम मितिः २०८३।०४।२० गते दिनको ठिक १२:०० बजे<br>• दरभाऊपत्र खोल्ने मिति र समयः २०८३।०४।२० गते दिनको ठिक २:०० बजे |

नोटः सूचना सम्बन्धी विस्तृत जानकारीको लागि रतुवामाई नगरपालिकाको वेबसाइट https://ratuwamaimun.gov.np वा फेसबुक पेज https://www.facebook.com/RatuwamaiMunicipalitySijuwaMorangNepal बाट समेत प्राप्त गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner